# भूमिकास्थान नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची

प्रदेश नं. ५, नेपाल

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

## सेवा करारमा अ.न.मी. पदपूर्ती गर्ने सम्वन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/०९/२९

भूमिकास्थान नगरपालिका अन्तर्गत वडा नं.८, नुवाकोट स्वास्थ्य चौकी अन्तर्गत Roving ANM बाट Disadvantaged Community लाई परिवार योजना सेवाको पहुँच पुऱ्याउने कार्यका लागि कार्यालयले खटाएको फिल्डमा कार्य गर्नेगरी तपसिलका पदमा सेवा करारमा (अस्थायी) कर्मचारी भर्ना गर्नुपर्ने भएकोले योग्यता प्राप्त इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त आह्वान गरिन्छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|
| १ | २/०७६/७७ | अ.न.मी. (सहायक चौथो) | खुल्ला प्रतियोगिता | १ |

१ **शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १० कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तिमा अ.न.मी. कोर्स उत्तीर्ण भई साथै नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको हुनुपर्ने छ ।

२ **दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरु** : नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, अ.न.मी. कक्षा उत्तीर्ण भएको प्रमाण पत्रको प्रतिलिपी, नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी, कार्य अनुभवको प्रमाण पत्रको प्रतिलिपी र संलग्न सबै कागजातहरुमा उम्मेदवार स्वयंले अनिवार्य प्रमाणित गरेको हुनु पर्नेछ ।

३ **उमेर हद**: दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

४ **परीक्षाको विधि र किसिम** : लिखित र अन्तरवार्ता ( तोकिएको पाठ्यक्रम र पूर्णाङ्कको अधिनमा रहेर लिइने छ । )

५ **आवेदन दस्तुर** : आवेदन दस्तुर रु.५००।- (पाँचसय मात्र)

६ **करार अवधि** : आ.व.२०७६/०७७ को अन्त्यसम्म (आवश्यकता बमोजिम थप हुन सक्ने छ ।)

७ **काम गर्नुपर्ने स्थान** : नगरपालिकाको कार्यालय र अन्तर्गत ७ नं. वडा अन्तर्गतका समुदायहरु ।

८ **सम्पादन गर्नुपर्ने कामको विवरण** : नियम तथा मापदण्डले तोके बमोजिम ।

९ **पारिश्रमिक** : अ.न.मी. सहायक चौथो तहको शुरु तलब स्केल ।

१० **आवेदन दिने अन्तिम मिति र स्थान** : मिति २०७६ माघ १४ गते मंगलबार कार्यालय समयभित्र नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची, प्रशासन शाखा ।

११ **लिखित परीक्षा र अन्तर्वार्ता मिति** : मिति २०७६ माघ २० गते दिउसो ठीक ११.०० बजेदेखि । लिखित परीक्षाको नतिजा प्रकाशन पछि अन्तरवार्ता हुनेछ ।

१२ रितपूर्वक प्राप्त नभएका र म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही हुनेछैन । थप जानकारीका लागि ९८५७०६९९८२ मा सम्पर्क गर्न सकिने छ ।

१३ सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची

प्रमुख प्रशासकीय अधिकृत